# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ६५) काठमाडौं चैत १८ गते, २०७२ साल (संख्या ५१**

## भाग ५

### नेपाल सरकार

### गृह मन्त्रालयको सूचना

नेपाल सरकारले विक्रम सम्वत् २०७३ साल वैशाख १ गतेदेखि २०७३ साल चैत्र मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालयहरूलाई देहाय बमोजिमको सार्वजनिक, पर्व एवं सट्टा विदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेको छ ।

१. वर्षभरिका शनिवार विदा :

| | | | |
|---|---|---|---|
| (क) | वैशाख - ४,११,१८,२५ | (ख) | जेठ - १,८,१५,२२,२९ |
| (ग) | असार - ४,११,१८,२५ | (घ) | साउन - १,८,१५,२२,२९ |
| (ङ) | भदौ - ४,११,१८,२५ | (च) | असोज- १,८,१५,२२,२९ |
| (छ) | कात्तिक - ६,१३,२०,२७ | (ज) | मङ्सिर - ४,११,१८,२५ |
| (झ) | पौष - २,९,१६,२३ | (ञ) | माघ - १,८,१५,२२,२९ |
| (ट) | फागुन - ७,१४,२१,२८ | (ठ) | चैत्र - ५,१२,१९,२६ |



२. पर्व विदाहरु :

(क) नववर्ष, वैशाख १ गते बुधबार ।

(ख) किराँत, राई, लिम्बू जातिको उभौली पर्व - चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), जेठ ८ गते शनिबार ।

(ग) जनै पूर्णिमा, रक्षावन्धन (ऋषि तर्पणी) भदौ २ गते विहिबार ।

(घ) गौरापर्व, भदौ ९ गते विहिबार ।

(ङ) इस्लाम धर्मावलम्वीहरूको पर्व ईद (इदुल्ल फित्र) का दिन ।

(च) छठ पर्व, कात्तिक २१ गते आइतबार ।

(छ) इस्लाम धर्मावलम्वीहरूको पर्व बकर ईद (इदुल जोहा) का दिन ।

(ज) किराँत जातिको उधौली पर्व, योमरी पुन्हि-ज्यापु दिवस (मङ्सिर पूर्णिमा,धान्य पूर्णिमा) मङ्सिर २८ गते मङ्गलबार ।

(झ) इसाई धर्मावलम्वीहरूको पर्व क्रिसमस डे, (डिसेम्बर २५ तारिख) पौष १० गते आइतबार ( इसाई धर्मावलम्वी सरकारी कर्मचारीहरुको लागि) ।

(ञ) तमूल्होसार पौष १५ गते शुक्रबार ।

(ट) माघी पर्व (थारु/मगर/छन्त्याल जातिको राष्ट्रिय पर्व) माघ १ गते शनिबार ।

(ठ) सोनमल्होसार माघ १५ गते शनिबार ।

(ड) महाशिवरात्री, फागुन १३ गते शुक्रबार ।

(ढ) हिमाली आदिवासी शेर्पाहरूले मनाउने ग्याल्बो ल्होसार, फागुन १६ गते सोमबार ।

(ण) फागुपूर्णिमा, फागुन २९ गते आइतबार र देहायका जिल्लाहरूमा फागुन ३० गते सोमबार ।

जिल्लाहरूको नाम

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | मोरङ्ग | ६. | धनुषा | ११. | पर्सा | १६. | बाँके |
| २. | सुनसरी | ७. | महोत्तरी | १२. | नवलपरासी | १७. | बर्दिया |
| ३. | सप्तरी | ८. | सर्लाही | १३. | रुपन्देही | १८. | कैलाली |
| ४. | सिरहा | ९. | रौतहट | १४. | कपिलवस्तु | १९. | कञ्चनपुर |
| ५ | उदयपुर | १०. | बारा | १५. | दाङ | | |

(त) सिरुवा पावनी पर्वका दिन त्यस्तो पर्व मनाउने झापा,मोरङ्ग,सुनसरी, सिराहा र सप्तरी जिल्लामा ।

(थ) धवथाम्वु छेउचिक पर्वका दिन त्यस्तो पर्व मनाउने जिल्लाहरूमा स्थानीय विदा ।

३. महिला कर्मचारीहरूको लागि मात्र :

(क) हरितालिका (तीज), भदौ १९ गते आइतबार ।

(ख) ऋषि पञ्चमी, भदौ २१ गते मङ्गलबार ।

(ग) जितिया पर्व, असोज ७ गते शुक्रबार (जितिया पर्व मनाउने महिला कर्मचारीहरूको लागि)।

४. **शिक्षण संस्थाहरूको लागि मात्र** :

(क) वसन्त पञ्चमी, माघ १९ गते बुधबार।

५. **जात्रा विदा (काठमाडौं उपत्यकालाई मात्र)** :

(क) गाईजात्रा, भदौ ३ गते शुक्रबार।

(ख) इन्द्रजात्रा, भदौ ३० गते विहिबार।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन )

(घ) घोडेजात्रा, चैत्र १४ गते सोमबार।

६. **दशैं विदा** :

(क) घटस्थापना, असोज १५ गते शनिबार।

(ख) असोज २२ गते शनिबारदेखि असोज २७ गते विहिबारसम्म ( फूलपातीदेखि द्वादशीसम्म)।

(ग) कोजाग्रत पूर्णिमा, असोज २९ गते शनिबार।

७. **तिहार विदा** :

(क) लक्ष्मीपूजा, कात्तिक १४ गते आइतबार।

(ख) गोवर्धन पूजा, म्हपूजा, नेपाल सम्वत् कात्तिक १५ गते सोमबार।

(ग) भाइटीका, कात्तिक १६ गते मङ्गलबार।

८. **दिवस विदा** :

(क) विश्व मजदुर दिवस, (मे १) बैशाख १९ गते आइतबार।

(ख) गणतन्त्र दिवस, जेठ १५ गते शनिबार।

(ग) निजामती सेवा दिवस, भदौ २२ गते बुधबार (निजामती कर्मचारी, अदालत तथा संवैधानिक निकायका कर्मचारीहरू र विदेशस्थित नेपाली नियोगहरूमा कार्यरत निजामती कर्मचारी समेतको लागि)

(घ) संविधान दिवस, असोज ३ गते सोमबार

(ङ) अन्तर्राष्ट्रिय अपाङ्ग दिवस, (डिसेम्वर ३) मङ्सिर १८ गते शनिबार ( नेपाल भित्रका सम्पूर्ण अपाङ्ग कर्मचारीहरूको लागि)।

(च) शहीद दिवस, माघ १६ गते आइतबार।

(छ) राष्ट्रिय प्रजातन्त्र दिवस, फाल्गुन ७ गते शनिबार।

(ज) अन्तर्राष्ट्रिय महिला दिवस, (मार्च ८) फाल्गुन २५ गते बुधवार।

९. **जन्म जयन्ती विदा** :

(क) रामनवमी (राम जयन्ती), बैशाख ३ गते शुक्रवार।

(ख) महावीर जयन्ती, बैशाख ७ गते मङ्गलबार (नेपाली जैन धर्मावलम्वी सरकारी कर्मचारीहरुका लागि)

(ग) वुद्ध जयन्ती, जेठ ८ गते शनिबार।

(घ) श्रीकृष्ण जन्माष्टमी, भदौ ९ गते विहिबार।

(ङ) फाल्गुनन्द जयन्ती, कात्तिक २५ गते विहिवार (किराँत धर्मावलम्वी सरकारी कर्मचारीहरूको लागि)।





(च) गुरु नानक जयन्ती, कात्तिक २९ गते सोमबार (नेपाली शिख धर्मावलम्वी सरकारी कर्मचारीहरूका लागि)।

(छ) रामनवमी (राम जयन्ती), चैत्र २३ गते बुधवार।

(ज) महावीर जयन्ती, चैत्र २७ गते आइतबार (नेपाली जैन धर्मावलम्वी सरकारी कर्मचारीहरुका लागि)

१०. विदेश स्थित नेपाली नियोगहरूले सम्वन्धित मुलुकका सार्वजनिक विदाहरूलाई समेत दृष्टिगत गरी बढीमा १८ दिनसम्म सार्वजनिक विदा आफैंले व्यवस्थापन र समायोजन गर्न सक्ने।

११. **सट्टा विदा** :

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना, चौकी, फायर ब्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, मुद्रण विभाग, हुलाक, आकाशवाणी आदि जस्ता रोजाना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरूले सार्वजनिक विदाका दिनमा समेत काम काज गर्नु पर्ने हुँदा त्यस्ता कार्यालयहरूमा दैनिक काम नरोकिने गरी सार्वजनिक विदाका दिन काम गरेवापत प्रचलित कानूनको रीत पुऱ्याई सट्टा विदा वस्न पाइने।

१२. **कार्यालय हाजिर हुने र छुट्ने समय** :

(क) नेपाल राज्यभरका सवै सरकारी कार्यालयहरूमा शुक्रवार बाहेक माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म विहान १०:०० बजे हाजिर भई अपरान्ह ५:०० बजे छुट्ने र कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म विहान १०:०० बजे हाजिर भई अपरान्ह ४:०० बजे छुट्ने।

(ख) शुक्रबारको दिन विहान १०:०० बजे हाजिर भई अपरान्ह ३:०० बजे छुट्ने।

**द्रष्टव्य** :

(क) "आधा दिन" भन्नाले कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको लागि दिनको १:०० वजे र माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म दिनको १:३० वजेसम्म सम्झनु पर्छ।

(ख) सेवाग्राहीलाई प्रदान गरिने सेवा प्रवाहमा असर नपर्ने गरी कार्यालय समयको १ बजेदेखि २ बजेसम्म खाजा खाने समय कायम गरिएको छ।

**आज्ञाले,**
**नारायणगोपाल मलेगो**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३